हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्कासन खुल्ला मिति :
२०७४/०५/२७ गते

निष्कासन बन्द हुने मिति :
२०७४/०६/३० गते (बैंकिङ्ग समय पश्चात्)

General Finance Limited
जनरल फाईनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न “ग” वर्गको इजाजत प्राप्त संस्था)
चावहिल, काठमाण्डौं, नेपाल, फोन नं. ०१-४४८४७५४, ४४८४७५३ फ्याक्स नं. ०९७७-१-४४८४७५४
इमेल : info@generalfinance.com.np, वेभसाईटः www.generalfinance.com.np

को

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फतः

Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

सि.नं.

कोड नं. ☐☐☐

श्री संचालक समिति,
जनरल फाईनान्स लिमिटेड
चावहिल, काठमाडौं, नेपाल ।

हितग्राही खाता नं.	**DP ID**	
	CLIENT ID	

महाशय,

शेयरधनी नं. ☐

त्यस वित्तीय संस्थाबाट प्रकाशित “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” अनुसार मिति २०७४/०४/२५ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस वित्तीय संस्थाको जम्मा (भौतिक/अभौतिक) ………… कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा वित्तीय संस्थाले जारी गरेको १ शेयर बराबर नयाँ १.२५ (१ : १.२५) को अनुपातमा …………… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा ……………. कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक)…………. कित्ता गरि जम्मा……….कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७४/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गाउं पालिका/न.पा.		जिल्ला
Address	House No./Ward no		Tole		Rural Municipality/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.			Phone No.		Mobile No.		
ना.प्र.प.नं./जारी स्थान			Email ID				
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फारममा खुलाइएको विवरण साँचो हो । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टब्यः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्रही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।
४. आफ्नो हक हस्तान्तरण (Renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अनुसूची ११ को ढाँचा बमोजिमको निवेदन दरखास्त फारामका साथ संलग्न गरि हकप्रद शेयर निष्काशन अवधीभित्र केन्द्रीय कार्यालय काठमाडौ महा-नगरपालिका वडा नं. ७, चावहिल, काठमाण्डौमा सम्पर्क राखी उक्त शेयरको हक हस्तान्तरण (Renounce) गर्न सक्नेछन् ।
५. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अग्रेजी दुवै भाषामा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

- -

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

मार्फतः

Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४

हकप्रद शेयर खरीद रसिद

दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	GENERAL FINANCE LIMITED				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:		**चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।**		
Received by:	**Shareholder No.**		**DP ID**	
Date:	**Stamp**	**Code No.**	**CLIENT ID**	

बाँडफाँडमा नपरेको हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

जनरल फाइनान्स लिमिटेड

नेपाल धितोपत्र बोर्डवाट "हकप्रद शेयर निष्कासन सम्वन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७४/०४/०६।

१. **कम्पनीको नाम :**
जनरल फाइनान्स लिमिटेड (General Finance Limited)।

२. **संगठित संस्थाका रजिष्टर्ड कार्यालय :**
यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, का.म.न.पा. वार्ड नं. ७, काठमाण्डौ, नेपालमा रहेको छ।

३. **कारोवार स्थान :**
यस वित्तीय संस्था बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ अनुसार "ग" वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो। हाल यस फाइनान्स कम्पनीले काठमाण्डौ जिल्ला, चावहिल, का.म.न.पा. वार्ड नं. ७ काठमाण्डौ, नेपाल स्थित रजिष्टर्ड (केन्द्रीय) कार्यालय र न्यूरोड, काठमाण्डौ स्थित शाखा कार्यालयबाट वित्तीय कारोबार गर्दै आई रहेको छ। नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार शाखा उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ।

४. **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**
वित्तीय संस्थाको संक्षिप्त परिचय :
यो वित्तीय संस्थाको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउन, सर्वसाधारणमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी सो को सदुपयोगको लागि औद्योगिक प्रतिष्ठानहरु, व्यापारिक वर्ग, स-साना उद्यमी तथा कृषकहरुलाई दीर्घकालिन, मध्यकालीन एवं अल्पकालीन ऋण उपलब्ध गराई देशको आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५२ साल आषाढ ८ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। यस कम्पनीले नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय कारोवार गर्न मिति २०५२/१०/५ मा इजाजत पत्र प्राप्त गरी मिति २०५२/१०/१८ गतेदेखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ। यस वित्तीय संस्थाको संस्थापकहरुमा बिभिन्न देशमा ब्यबसाय सञ्चालन गरी सफल रहेका गैर अवासीय नेपाली, उद्योग, व्यवसाय, बैंकिङ्ग, शैक्षिक क्षेत्र तथा अन्य विभिन्न क्षेत्रमा लामो समयदेखि संलग्न रहेका व्यक्तिहरु रहेका छन्।

वित्तीय संस्थाको उद्देश्य :
वित्तीय संस्थाको प्रवन्ध पत्रको दफा ४ र नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्त कम्पनीको मुख्य उद्धेश्य देहाय बमोजिम रहेको छ :

- (क) वित्तीय संस्थाको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
- (ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
- (ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
- (घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुऱ्याउने, र
- (ङ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने एवं देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने।

५. **शेयर पूँजीको संरचना :**
क) अधिकृत पूँजी:
यस वित्तीय संस्थाको अधिकृत पूँजी रु. ३०,००,००,०००/- (अक्षरेपी तिस करोड मात्र) रहेको छ। जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा ३०,००,००० (तिस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ख) जारी पूँजी:
यस वित्तीय संस्थाको जारी पूँजी रु. २९,७५,१३,०००/- (अक्षरेपी उनन्तिस् करोड पचहत्तर लाख तेह्र हजार मात्र) रहेको छ। जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा २९,७५,१३० (उनान्तिस लाख पचहत्तर हजार एक सय तिस मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ग) चुक्ता पूँजी:
हाल यस वित्तीय संस्थाको चुक्ता पूँजी रु. १३,२२,२८,०००/- (अक्षरेपी तेह्र करोड बाईस लाख आइस हजार मात्र) रहेको छ। जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा १३,२२,२८० (तेह्र लाख बाइस हजार दुई सय असि मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात बैंकको चुक्ता पूँजी रु. २९,७५,१३,०००/- (अक्षरेपी उनान्तिस करोड पचहत्तर लाख तेह्र हजार मात्र) हुनेछ।

६. **हकप्रद शेयर निष्कासन गरि बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :**
हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचनाः

शेयरधनी	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना (%)	भुक्तानी प्रतिशत
संस्थापक शेयरधनीहरु	१७,८३,६८७	१७,८३,६८,७००	६०%	शतप्रतिशत
सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	११,९१,४४३	११,९१,४४,३००	४०%	शतप्रतिशत
जम्मा	२९,७५,१३०	२९,७५,१३,०००	१००%	

७. **सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**
संचालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सि.नं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता	शेयर स्वामित्व	अनुभव
१	श्री पदम राज न्यौपाने (संस्थापक समूह - "क")	अध्यक्ष	तेल्या-८, पाल्पा	स्नातक	५००० कित्ता	२२ बर्षको आर्थिक पत्रकारिता एक दशकको विकास पत्रकारिता, विभिन्न वित्तीय संस्थामा संलग्न रहेको, लघुवित्त सम्बद्ध अनुसन्धान संस्थाको कार्यकारी निर्देशक रही काम गरेको।
२	श्री अन्जना चाकुवजी (संस्थापक समूह - "क")	संचालक	बनेपा-१, काभ्रे	स्नातक	१५९७२ कित्ता	अन्तराष्ट्रिय महिलासंग सम्बन्धित व्यवसायिक संघ संस्थामा संलग्नता, अष्टो जब क्रियशन तथा ट्रेनिङ्ग सेन्टरको संचालक, पर्यटन, ट्राभल र टुरिजममा संलग्नता।
३	श्री मिलन थापा (संस्थापक समूह - "क")	संचालक	सुखौरा-३, बाग्लुङ्ग	स्नातक	७००० कित्ता	आकर्षण इन्टरनेशनल प्रा.लि.मा प्रबन्ध निर्देशक, बैदेशिक रोजगार ब्यवसायमा लामो समयको अनुभव।
४	महेश प्रसाद अधिकारी (सर्वसाधारण समूह - "ख")	संचालक	काठमाण्डौ-७, चावहिल	बि.एल.	६९३० कित्ता	अधिवक्ता/पर्यटन व्यवसायमा लामो समयको अनुभव, अष्ट्रिच ट्राभल एण्ड टुर्समा संलग्न।
५	श्री बिमल प्रसाद ढकाल स्वतन्त्र सञ्चालक	स्वतन्त्र संचालक	शान्तिनगर, काठमाडौ।	एम.कम. एम.पी.ए. बि.एल.	-	नेपाल प्रशासन सेवामा रा.प.तृ. श्रेणी अधिकृतस्तर देखि सहसचिव सम्म विभिन्न पदमा ३० बर्ष सेवा गरी सेवा निवृत भएको र तत् पश्चात अध्ययन अनुसन्धान सम्बन्धी कार्यमा संलग्न हुदै गरेको।

नोटः मिति २०७४ जेष्ठ १० गतेको संस्थाको १६, १७, १८, १९ तथा २०औं बार्षिक साधारण सभा हुनु अगावै बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ लागु भै सकेको र ऐन को ब्यवस्था बाध्यात्मक रहने हुदा उक्त साधारण सभाको सामान्य प्रस्ताव क को बुदा नं. ५ बमोजिम पारित भई सञ्चालक समितिको संख्या परिमार्जन गर्ने निर्णय बमोजिम ७ जना संचालकहरु रहने व्यवस्था भए अनुसार संस्थाको उक्त बार्षिक साधारण सभाद्वारा ४ जना निर्विरोध निर्वाचित र १ स्वतन्त्र सञ्चालक गरी जम्मा ५ जनाको सञ्चालक समिति कायम रहेको र २ जना सञ्चालकको पद रिक्त रहेको हुनाले उक्त समिति पारित नियमावली बमोजिम नै रहेको र यस वित्तीय संस्थाको नियमावलीको नियम १३ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको संचालक हुनका लागि कम्तिमा १०० (सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ। यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुदैन। तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन। संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम : महेश्वर पहारी
ठेगाना : पोखरा लेखनाथ महागरपालिका वडा नं. ६, कास्की
योग्यता : ब्यवस्थापनमा स्नातकोत्तर
अनुभव : साविक हिमचुली विकास बैंकको स्थापनाकाल देखि विभिन्न प्रमुख जिम्मेवारी निर्वाह गरेको, त्यस पछि संस्थाको वृद्धि सगै साविक सोसाईटी डेभलपमेन्ट बैंकमा का.मु. प्रमुख कार्यकारी अधिकृतको भुमिका निर्वाह गरेको, हालको भिबोर सोसाईटी डेभलपमेन्ट बैंकमा नायव महाप्रबन्धकको रुपमा कार्य गरी बैंक तथा वित्तीय संस्थामा १२ बर्षको कार्य अनुभव।

८. **संचालक समितिको बनौट :**
वित्तीय संस्थाको नियमावलीको नियम ८(२) बमोजिम निम्न बमोजिमको सञ्चालक समिति निम्न बमोजिम हुनेछः

समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित संचालकहरु	४ जना
समूह "ख" का शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	२ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक	१ जना
जम्मा	**७ जना**

९. **निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :**
वित्तीय संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या १३,२२,२८० कित्ताको १ : १.२५ (अर्थात विद्यमान एक साधारण शेयर बराबर १.२५ कित्ता नयाँ साधारण शेयरका दरले) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले जम्मा १६,५२,८५० कित्ता हकप्रद साधारण शेयर निष्कासन गरिनेछ।

१०. **लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**
हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन गर्नु पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्म शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर नयाँ १.२५ शेयर (१ :२५) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम दरखास्तसाथ पेश गर्नु पर्नेछ। यदी कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा माथिल्लो पुर्ण शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ।

तर यस हकप्रद शेयर निष्काशनमा सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई नजिकको माथिल्लो शेयरमा परिणत गरी बाँडफाँट गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसंग समन्वय गरी प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार गरिनेछ। साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम शेयर खरिद गर्नको लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ।

११. **साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था:**
साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा साविकका संस्थापक शेयरधनीहरुले हकप्रद सेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित ऐन, कानुन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने छन् वा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था र अन्य ऐन, नियमका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा विक्री गरिने छ।

१२. **हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :**
हकप्रद शेयरको अनुपातभन्दा वढी शेयर खरिद गर्न पाइने छैन। हकप्रद शेयर खरिद गर्दा हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न नपाउने तर आफ्नो कायम हक अनुसार खरिद गर्न पाउने हकप्रद शेयर खण्डिकृत हुन आएमा खण्डिकृत अंकलाई १ अंक गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper hold) मा परिणत गरि आवेदन दिन पाइने छ तर दशमलवमा आउने गरि शेयर आवेदन दिन पाइने छैन।

यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्कासनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ। यदि यस हकप्रद शेयरको लागि निष्कासन गरिएको सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति दिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद बाँडफाँट गरिनेछ। यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ।

१३. **वित्तीय संस्थाको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

वासलात

(रु.हजारमा)

पूँजी तथा दायित्व	वास्तविक			(अपरिस्कृत) असार मसान्त २०७४	प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३		आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६
१. शेयर पूँजी	१३२२२८	१३२,२२८	१३२,२२८	२२०,१९५	२,२०,१९५	८,१८२,२००	८,१८२,२००
२. जगेडा तथा कोषहरु	(१७३८७८)	(११९,४१४)	(११७,०७९)	(११६,७९२	(१३१३३२.१५)	(२९६१६.६६)	९५,०८६.९३
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
५. निक्षेप दायित्व	१४७,७३१	४२,५८१	१९,६२०	१००,२३९	११०,१२१.४२	३७४११६	५५१,९४७.४०
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	१,८५५	१,८५५	१,८५५	-	१८५५.८३	१८५५.८३	१,८५५.८३
८. आयकर दायित्व	२६,०५४	२९,४५२	२९,४५१	१,४११	२४२७.८३	४२,८०४.९९	५३,४४४.४०
९. अन्य दायित्व	२२,८५७	१९३१७	१६४५४	१४,२४६	३३०६६.३३	५६६३२.६६	९७,५१५.९०
कुल दायित्व	१५६,८४८	१०६,२८९	८२,५३०	२१९,२९९	२३६,३३३.२६	१,२६४,७९२.८२	१,६१८,०५१०.४७

सम्पत्ति	वास्तविक			(अपरिस्कृत) असार मसान्त २०७४	प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३		आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६
१. नगद मौज्दात	५,५९५	२,७९२	१,३४१	५,८७२	२९३३.५६	३५१०८.४१	३७,३०७.०२
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१५,९२१	७४६	७४६	८,४३४	९६२२.४१	२२४९४.९६	३३,११६.८४
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	-	-	-	-	-	४००००	५४,०००
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	७५,७०६	८०,५२८	५८,५९०	१५०,०५०	१५०७०७.५५	३४००००	३५७,०००
५. लगानी	१५,१९४	१९५	१९५	१९५	१९४.५०	२८३४४	३२,५९५.६०
६. कर्जा सापट तथा बिल खरिद	२०,८७४	२,३८४	५२५	२९,८६१	४७६५७.२८	७६७७०६.०८	१,०७५,७६१.३८
७. स्थिर सम्पत्ति	२,८९०	२,२५५	१७५६	३,२६५	३३६८.३९	५१३१.५५	७,२४५.४६
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	२०,६६६	१७,३८८.६०	१९३७६	२१,६२३	२१८४९.५७	२६००७.८१	२१,०२४.१६
कुल सम्पत्ति	१,५६,८४८	१,०६,२८९	८२,५३०	२१९,२९९	२३६,३३३.२६	१२६४७९२.८२	१,६१८,०५०.४७

नाफा-नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक			*आ.ब. २०७३/०७४ असार मसान्त सम्मको	प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३		आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६
१. व्याज आम्दानी	५७,१३५	२५,३७९	४,१३८	२१,५४३	१५७७६६	१७४३०४.४	२३६०४५.७
२. व्याज खर्च	२१,०१३	६,९००	३,२४८	२०१५	१८५६.४	३३०६६.६९	१४८७७४.८
खुद ब्याज आम्दानी	३६,१२२	१८,४७९	८९०	१९,५२८	१३९१०	१४१,२३७.७०	१८७,२७०.९१
३. कमिशन तथा डिस्काउण्ट	३८	१३	५	१८८	३२९.८७	४१७.४८	७७९.०९
४. अन्य संचालन आम्दानी	५,८१९	२,६३६	६२	१४२		६२५.०९	१७४४५.०६
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	४१,९७९	२१,१२८	९५७	१९,८५८	१४२३९	१४२२८०.३	१८९७९५.१
६. कर्मचारी खर्च	९,८७६	९,७७०	८,२७७	८,१७४	८६८१.२	३०३३५.३३	३३३६८.८६
७. अन्य संचालन खर्च	५,५४६	५,१३८	४,४५६	६,९८२	५८३०.६	८९३४.०७	१००३८.८५
८. सटही घटबढ नोक्सान (कर खर्च)	-	-	-	-	६०,०००	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	२६,५५७	६,२२०	(११,७७६)	४,७०२	(२७२.३२)	१०३०१०.९	१४६३८७.४
९. सम्भावित नोक्सानी	८१,६७१	१२,९३२	-	८२७	३४८.३२	६७०८.६८	७१०६.३४
संचालन मुनाफा/(नोक्सान)	(५५११४)	(६,७१२)	(११,७७६)	३,८७५	(६२०.६७)	९६३०२.१८	१३९२८१
१०. गैर संचालन आम्दानी/(नोक्सान)	३४४	४२६	३४९	१९	१९	२३३४.४	३२५९.५६
११. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	१३६,५८९	७२,५६०	१२,८९५	१८,२१२	११०००	५७८१५.०६	५३४२२.२२
नियमित कारोवारबाट भएको मुनाफा	८१,८१८	६६,२७४	१,४६८	२२,१०६	१०३९८	१५६९५१.७	१९५९६२.८
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	५,०२२	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	८१,८१८	६१,२५२	१,४६८	२२,१०६	१०३९८	१५६९५१.७	१९५९६२.८
१३.कर्मचारी बोनस व्यवस्था	-	-	-		९४५.३१	१४२६८.३३	१७८१४.८
१४.आयकर ब्यवस्था	८१८१९	६,७८८	(८६७)	२१,८२०	९४५३.१	१४२६८३.३	१७८१४८
यस वर्षको	११,९६२	३,३९७	-	-	२८३५.९	४२८०४.१९	५३४४४.४
गत वर्षको	१०,०२६	-	-	-	२०४०९	-	-
यस वर्षको स्थगन कर (आम्दानी/खर्च)	(६४९२)	३,३९१	(८६७)		-	-	-
खुद मुनाफा/(नोक्सान)	६६,३२२	५४,४६४	२,३३६	२८६	(१३७९२.२१)	९९८७८.३२	१२४७०३.६
शेयर संख्या (हजारमा)	१३२२.३	१,३२२	१,३२२	१३२२.३	८१८१.६	८१८१.६१	८१८१.६१
प्रति शेयर आम्दानी (रु.)	५१.५५	४१.१९	१.७६	०.०३५	(२.२६)	१२.२१	१५.२४

नेटवर्थ सम्बन्धी विवरण

(रु.हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६
चुक्ता पूँजी	१,३२,२२८	१३२,२२८	१३२,२२८	२२०१९५	८१८२००	८१८,२००
जगेडा तथा कोषहरु	(१७३,८७८)	(११९,४१४)	(११७,०७८)	(१३१३३२.१५)	(२९६१६.६६)	९५०८६.९३
कुल	(४१,६५०)	१२,८१४	१५,१५०	८८८६२.८५	७८८५८३.३४	९१३२८६.९३
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)						
कुल नेटवर्थ	(४१,६५०)	१२,८१४	१५,१५०	८८८६२.८५	७८८५८३.३४	९१३२८६.९३
शेयर संख्या	१३२२२८०	१३२२२८०	१३२२२८०	२२०१९५०	८१८२०००	८१८२०००
प्रति शेयर नेटवर्थ (रु.)	-३१.५०	९.६९	११.४६	४०.३६	९६.३८	१११.६२
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल						
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा						२४.८६%

द्रष्टव्यः यस आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षहरुको कारोवारको आधारमा निष्कासनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो र उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा लेखापरिक्षक एम वि एस डी एण्ड एशोसियट्सका चार्टर्ड एकाउन्टेन्ट श्री सुब्रत दकाल, काठमाण्डौं हुनुहुन्छ।

१४. **वित्तीय संस्थाले गर्ने भएको काममा नीहित सम्भावित जोखिमहरु :**

- क) नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।
- ख) संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
- ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु।
- ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने जोखिमहरु।
- च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु।
- छ) पूँजी बजारको अवस्थामा आउने उतार चढाबबाट पर्नसक्ने जोखिमहरु।
- ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
- झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु।

वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि संस्थाले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यवस्था गरेको छ। वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध रहेको छ। यसको अलावा आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तामुखि सेवाहरु प्रदान गरी मध्यकालीन तथा दिर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि संस्थाले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने संस्थाको नीति रहेको छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु. १००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१५. **हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :**

- (क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्कासन प्रयोजनको लागी हकप्रद निष्कासन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर वा DMAT खाता नम्वर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली यस कम्पनीले तोकेको ढांचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
- (ख) एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा जनु रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिनु पर्नेछ।
- (ग) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
- (घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्र वा निष्कासन बैंकको खातामा जम्मा गरी सोको सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ।
- (ङ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
- (च) यस हकप्रद शेयर निष्कासनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश गर्ने तथा दरखास्तसाथ शेयर वापत रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावि गर्न पाउने छैनन्।
- (छ) यस हकप्रद शेयर निष्कासन सम्वन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको संचालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।
- (ज) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ।
- (झ) निक्षेप सदस्यहरु मार्फत हितग्राहि खाता खोल्नु भएका लगानीकर्ता महानुभावहरुको हकमा हकप्रद शेयरको दरखास्त फारम बुझाउँदा दरखास्त फारममा स्पष्ट रुपमा आफूले निक्षेप खाता खोलेको निक्षेप सदस्यको सदस्यता नम्बर र हितग्राही खाता नम्बर उल्लेख गर्नु पर्नेछ। कम्पनीको चुक्ता पूँजी नेपाल स्टक एक्सचेन्ज तथा सिडिएससिमा सूचिकृत भए पश्चात मात्र बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खाता जम्मा गरिने छ।
- ञ) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर हितग्राही खाता (DeMat Account) मै सोझै जम्मा हुने गरी वितरण गरिने हुँदा हकप्रद शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो हितग्राही खाता (DeMat Account) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।
- (ट) रु. १० लाखभन्दा बढी रकमको हकप्रद शेयरको लागि आवेदन दिने शेयरधनीहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) दरखास्त आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

१६. **यस वित्तीय संस्थाको विगत तीन आर्थिक बर्षा तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :**

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७०/७१	-	-	-	-
२०७१/७२	-	-	-	-
२०७२/७३	-	-	-	-

महिना	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम बजार मूल्य (रु)	शेयर कारोबार संख्या (हजारमा)
फाल्गुन	-	-	-	-
चैत्र	-	-	-	-
बैशाख	-	-	-	-

नोटः यस अबधिमा यस संस्थाको शेयर कारोबार नरहेको। सोही सम्बन्धीमा नेप्सेबाट २०६९/०३/२५ देखि कारोबार रोक्का गर्नु भनि चिठी प्राप्त भएको।

१७. **शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :**

- (क) धितोपत्र बाँडफाँट गर्दा यस हकप्रद निष्कासन प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयर संख्याको १ : १.२५ (अर्थात एक कित्ता शेयर बराबर नयाँ एक कित्ता शेयरको दरले) बराबरको शेयर आवेदनकर्ता शेयरधनीहरुलाई बाँडफाँट गरिनेछ। यसरी १ : १.२५ को अनुपातबाट हकप्रद आधार हिसाब गर्दा शेयरधनीको कुल शेयर खण्डीकृत भएमा त्यसलाई १ अंक मानि हकप्रद शेयर संख्या गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper Hold) मा परिणत गरि आवेदन दिन पाइने छ र सोहि अनुसार धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ मा उल्लेख भए बमोजिम हकप्रद शेयरको बाँडफाँट गरिनेछ। तर कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने भन्दा वढी शेयरका लागी दरखास्त दिएमा वढी शेयर बाँडफाँट गर्ने वित्तीय संस्था वाध्ये हुनेछैन भने कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागी आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्वन्धमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम गरिनेछ।
- (ख) वित्तीय संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको साधारण शेयर बिक्री भएको मितिले नेपाल धितोपत्र वोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको बाँडफाँट गरी सो को सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरिनेछ। यसरी बाँडफाँट भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित ३० दिन अवधिभित्र बाँडफाँटमा परेका शेयरधनीहरुको शेयरलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचीकरण भएपछि सम्बन्धित शेयरधनीहरुले उपलब्ध गराएको हितग्राही खाता (Demat Account) मा पठाइनेछ।

१८. **धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**
यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यबस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको वितरण सम्बन्धित हितग्राहिको खातामा धितोपत्र जम्मा गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रिको व्यवस्था मिलाइनेछ।

१९. **आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**
आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरि मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस संस्थाको केन्द्रीय कार्यालय काठमाडौ महा-नगरपालिका वडा नं. ७, चावहिल, काठमाण्डौ, नेपालबाट र सर्वसाधारण शेयरधनीहरुले यस संस्था वा निष्कासन तथा बिक्री प्रवन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौमा सम्पर्क राखि आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ। सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ।

- क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ।
- ख) मनोनयन भै शेयरको लागि आवेदन दिँदा धितोपत्र बजारको कारोबार इकाई अनुसार आवेदन दिनुपर्नेछ।
- ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ।
- घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनुपर्ने छ।
- ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन्। हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा कुनै परिर्वतन हुनेछैन। प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ।
- च) प्रस्तावित संस्थापक शेयरधनी नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक सेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पुरा भएको हुनु पर्नेछ।
- छ) प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ।
- ज) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य नभएको हुनुपर्ने छ।
- झ) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ।
- ञ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ। साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ।
- ट) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तिय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

२०. **हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

- क) नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय सस्था नियमन विभागबाट मिति २०७२/०४/२१ मा परिपत्र जारी गरी आ.व. २०७२/७३ को मौद्रिक नीतिमा घोषणा गरिए बमोजिम बैंक तथा वित्तीय संस्थाहरुको पूँजीगत आधार सुदृढ गरी दीर्घकालीन विकासका लागि आवश्यक पर्ने स्रोत परिचालन गर्न तथा वित्तीय स्थायित्व प्रर्वर्द्धन गर्न सञ्चालनमा रहिरहेको "ग" वर्गका वित्तीय संस्थाले २०७४ असार मसान्तभित्र समानुपातिक रुपमा वृद्धि गरी न्यूनतम चुक्ता रु. असि करोड पुऱ्याउन।
- ख) वित्तीय संस्थालाई सवल र सक्षम रुपमा सञ्चालन गर्न विद्यमान पूँजी वृद्धि गर्न।
- ग) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न।
- घ) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।
- ङ) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी संस्थाको स्थितिलाई बढी मजबुत तुल्याइ राख्न।

२१. **हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**
हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ :

क्र.सं.	विवरण	रकम (रु.)
१.	आवधिक कर्जा	५,५९८७,५००
२.	विपन्न वर्ग कर्जा	१०,०००,०००
३.	हायरपर्चेज कर्जा	१५,५९२,५००
४.	व्यापारिक कर्जा	३१,५८०,०००
५.	वैदेशिक रोजगार कर्जा	१५,५९२,५००
६	सरकारी वचत पत्र	५,१९७,५००
जम्मा		**१३३,९५०,०००**

नोटः हकप्रद शेयरबाट प्राप्त हुने कुल रकम मध्ये नेपाल राष्ट्र बैंकको कर्जा निक्षेप अनुपात ८० प्रतिशतमा कायम गर्नुपर्ने भएकोले बाँकी रकम तरलता कायम राखी ब्याज आम्दानी हुने बैंक तथा वित्तीय संस्थामा ब्यवस्थापन गरिने।

२२. **निष्कासन बैंक (बैंकर टु द ईस्यु) सम्बन्धी ब्यबस्था :**
यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री माछापुच्छ्रे बैंक लिमिटेड, बबरमहल, काठमाण्डौ।	०१०१५२४३६२७२०१०९
२.	श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, कमलादी, काठमाण्डौ।	००१०००००५२५ CC
३.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौ।	०१११०१००११०६०

उपरोक्त निष्कासन बैंकमा दरखास्त फारम वितरण गर्ने तथा बुझिलिने व्यवस्था गरिएको छैन।

२३. **हकप्रद शेयर बिक्री खुल्ला अवधि :**
यस हकप्रद शेयर विष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु माफर्त निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्कासन तथा बिक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ। ३५ दिन भित्र सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा हकप्रद शेयर बिक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम १८ मा भएको व्यवस्था बमोजिम बढीमा थप १५ दिनको लागि सुचना प्रकाशित गरी समय सीमा थप गरी सो को जानकारी धितोपत्र बोर्डलाई गराइने छ।

२४. **हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौ।
२. श्री जनरल फाईनान्स लि. केन्द्रीय कार्यलय, का.म.न.पा.-७, चावहिल तथा शाखा कार्यालय पाको, न्यूरोड, काठमाण्डौ।
३. श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यलयहरु क्रमशः (१) आर्दशनगर-१३, वीरगंज पर्शा (२) सहिद चोक, नारायणघाट, चितवन (३) पृथ्वीचोक, पोखरा, कास्की (४) लोकतान्त्रीक चौक, बागलुङ्ग (५) त्रिभुवनचोक, नेपालगंज (६) वि.पि. चोक, बुटवल।

साथै हकप्रद शेयरको दरखस्त फारम निष्कासन कर्ता कम्पनी श्री जनरल फाईनन्स लिमिटेडको वेबसाइट www.generalfinance.com.np तथा निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइट www.globalimecapital.com.np मार्फत डउनलोड गरी भरेर बुझाउन सकिनेछ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनुभन्दा अघिको मितिमा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन।

२५. **संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :**
यस बैंकको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. ७,२८,२९,१२५/- रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं। तर सञ्चालक श्री महेश प्रसाद अधिकारीज्यूले आफूले बुझाउनु पर्ने हकप्रद शेयर वापतको रकम नगरेको व्यहोरा अवगत गराउंदछौं।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्कासन खुल्ला मिति : २०७४/०५/२७ गते

निष्कासन बन्द हुने मिति : २०७४/०६/३० गते (बैकिङ्ग समय पश्चात्)

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
GROW WITH US

पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np,
Website: www.globalimecapital.com

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

General Finance Limited
जनरल फाईनान्स लिमिटेड
चावहिल, काठमाण्डौं, नेपाल, फोन नं. ०१-४४८४७५४, ४४८४७५३ फ्याक्स नं. ०९७७-१-४४८४७५४

विषय : मञ्जुरीनामा सम्बन्धमा

म/हामी आफैं उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको .... कित्ता हकप्रद शेयर प्रतिशेयर रु. १००/- का दरले जम्मा रु. .... (अक्षरेपी रु. ....) मध्ये बाँडफाँटमा .... कित्ता हकप्रद शेयर परेकोले बाँकी रु. .... (अक्षरेपी रु. ....) र सो को शेयर प्रमाणपत्र श्री .... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं। निजलाई भुक्तानी/शेयर प्रमाण-पत्र दिनु भएमा पछि कुनै बाधा बिरोध गर्ने छैन/छैनौं। गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ।

भवदीय,

निवेदकको दस्तखत :- ....
मञ्जुरीनामा पाउनेको दस्तखत :- ....

निवेदकको नाम :- ....
मञ्जुरीनामा पाउनेको नाम :- ....

यो रसिद हराई अर्काले भुक्तानी/शेयर प्रमाणपत्र लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।